# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल



पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल


# निजि वन दर्ता सम्बन्धि कार्यविधि, २०७९


**भाग २ , बर्ष ७ , अंक ६**

**कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/१२/२९**

**प्रकाशन मिति: २०८० जेठ १० गते बुधबार**

# निजि बन दर्ता सम्बन्धि कार्यविधि

## २०७९

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

**पाटन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय,**

**पाटन, बैतडी**

पाटन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

पाटन, बैतडी

नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

प्रमाणिकरण मिति

# निजि वन दर्ता सम्बन्धी कार्यविधि २०७९

**प्रस्तावना** :राष्ट्रिय बनलाई व्यवस्थित बन, बनको संरक्षण, बनको महत्वलाई सर्वसाधारणलाई सु-सुचित गराउन बन ऐन, २०७९ को दफा २५ मा व्यवस्था भए बमोजिम पाटन नगरपालिका बैतडीले वन दर्ता सम्बन्धि कार्यविधि बनाई लागु गर्न बाञ्छनीय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ अनुसार यो कार्यविधि निर्माण गरि लागु गरिएको छ ।

## परिच्छेद-१

१. ***संक्षिप्त नाम र प्रारम्भः*** यस कार्यविधिको नाम निजी वन कार्यविधि २०७९ रहने छ ।

२. यो कार्यविधि पाटन नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित भएको मिति बाट लागु हुनेछ ।

३. ***ऐन*** भन्नाले बन ऐन २०७६ सम्झनु पर्छ ।

४. परिभाषा विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) ***आखेटोपहरा,*** भन्नाले बन्यजन्तुको जिवित वा मृत शरीर वा पहिचान गर्न सकिने अवस्थामा रहेको तिनिहरुको शरिरको कुनै अंग सम्झनु पर्दछ र सो शव्दले बन्यजन्तुको शरिरको कुनै पदार्थ वा त्यस्तो पदार्थको समिश्रणबाट तयार भएको कुनै बस्तुलाई समेत जनाउँछ ।

ख) ***गैरकाष्ठ बन पैदावार*** भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वन बाहिर रहेका रुखहरुबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुडी तथा बन्यजन्तु वा बन्यजन्तुको ओखेटोपहरा लगायत अन्य सबै जैविक उत्पतीका बस्तु सम्झनु पर्छ ।

ग) टाँचा भन्नाले काठ वा खडा रहेको रुखमा लगाईने छाप चिह्न वा निसाना सम्झनु पर्दछ ।

घ) ***निजी वन व्यवस्थापन पद्धती*** भन्नाले निजी वनको व्यवस्थापनको लागि अपनाईएका पद्धती सम्झनु पर्दछ ।

ङ) ***वातावरणीय परिक्षण*** भन्नाले प्रचलित कानून बमोजिम गरिने सम्झौता, वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याकंन सम्झनु पर्दछ ।

च) ***वातावरणीय सेवा*** भन्नाले वन क्षेत्रको पारिस्थितिकिय प्रणलीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सो बाट प्राप्त हुने लाभ सम्झनु पर्दछ ।

१) कार्वन सेवा

२) जैविक विविधताको संरक्षण

३) जलाधार तथा जलचक्र प्रणाली

४) पर्यायवरण

छ) ***स्थानिय तह*** भन्नाले पाटन नगरपालिका बैतडी सम्झनु पर्छ ।

ज) ***नगरसभा*** भन्नाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठन भएको नगर सभा सम्झनु पर्दछ ।

## परिच्छेद २

१) निजी वनको भू-स्वामित्व, भू- उपयोग, निजी वन दर्ता तथा सिमा सम्बन्धी व्यवस्था:( १)निजी बनको भू-स्वामित्व, भू- उपयोग सम्बन्धित व्यक्तिको हुनेछ ।

***स्पष्टीकरण:*** उपनियम (१) मा डिभिजन बन कार्यालयले निर्दिष्ट गरे बमोजिमको भू-स्वामित्व रहने गरी पाटन नगरपालिका कार्यालय बैतडीले वन दर्ता गर्ने छ ।

***२) निजी वनको उपयोगिता:*** (१) निजि बन दर्ता गर्ने व्यक्तिले उत्पादन भएका वन पैदावारका वस्तुहरु डिभिजन वन कार्यालयको नियमानुसार उपभोग गर्न पाउने छ ।

***३) वनक्षेत्र भित्र बसोबास वा पुर्नवास गर्न नपाउने:*** (१) रुख भएको कुनै पनि वन क्षेत्र भित्र बसोवास वा पुर्नवासका लागि प्रयोग गरिने छैन ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडी वन सम्बन्धि तत्काल प्रचलित कानुनको अधिनमा रहि बसोवास वा पुर्नवास गरिएका जग्गामा त्यस्तो जग्गा प्रदान गर्दाको बखत देखि नै रहेका रुखहरु नेपाल सरकारको स्वामित्वमा रहनेछन ।

४) ***सिमसार क्षेत्रको व्यवस्थापन:*** (१) निजी वन क्षेत्रभित्रको सिमसार क्षेत्रको संरक्षण सम्वर्द्धन र व्यवस्थापन सम्बन्धित पक्षको हुने छ ।

५) ***निजि वनको सिमा निर्धारण:*** (१) जिल्ला वन कार्यालय तथा पाटन नगरपालिका नापि शाखा बैतडीले निर्धारण गरेको वन क्षेत्रलाई जनाउने छ ।

६) ***निजी वन फिर्ता लिन सक्ने:*** डिभिजन बन कार्यालय/पाटन नगरपालिकाको कार्यविधिले तोकेको मापदण्ड बिपरित कुनै कार्य गरेको देखेमा नगरपालिकाको कार्यालयले निजि बन दर्ता फिर्ता वा रद्ध गर्न सक्ने छ ।

## *परिच्छेद-३*

## *विविध*

१) ***निजि वन पैदावारमा आधारित उद्योगले जानकारी गराउनु पर्ने :*** (१) कच्चा पदार्थको रुपमा वन पैदावार प्रयोग गर्ने उद्योगले उद्योग सञ्चालन गर्नुपुर्व डिभिजन वन कार्यालय र यस नगरपालिका कार्यालयलाई उत्पादन गर्ने वस्तु वा सेवाको बारेमा जानकारी गराउनु पर्ने छ ।

२) ***प्रतिवन्ध लगाउन सक्ने:*** (१) नेपाल सरकारले जैविक विविधतामा कुनै प्रजातिको संरक्षण वा वातावरण संरक्षणको लागि तोकिएका क्षेत्रको वन पैदावारको संकलन, कटान,उपभोग, ओसार प्रसार विक्रि वितरण वा विदेश निकासीमा नगरपालिकाले प्रतिवन्ध लगाउन सक्नेछ ।

३) ***सुराकीलाई पुरुस्कार दिन सक्ने:*** (१) यस कार्यविधि विपरित कार्य हुन लागेको सुराकी दिने वा अपराधी पकाउ गर्न सहयोग गर्ने संस्था वा व्यक्ति लाई कसुरदारलाई हुने जरिवानको १० प्रतिशत पुरुस्कार स्वरुप दिईने छ ।

४) ***प्रचलित कानुन बमोजिम हुने:*** (१) यो कार्यविधिमा लेखिए जति कुरामा यस कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।